मितिः-२०८०/०३/०३ का.पा. बैठक संख्या २५

<u>प्रस्तावहरुः-</u>

१. गाउँसभा आव्हान सम्बन्धमा ।

२. करुवानी हाटबजार सम्बन्धमा ।

३. विज्ञापन कर सम्बन्धमा ।

<u>निर्णयहरुः-</u>

१. <u>गाउँसभा आव्हान सम्बन्धमा</u> ।

ओमसतिया गाउँपालिकाको आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम, बजेट तथा आर्थिक ऐन लगायतको विषयहरुको प्रस्तुतीकरण र छलफलका लागि यस गाउँपालिका अन्तर्गत गाउँसभाको १३ औ अधिवेशन मिति २०८०/०३/१० गते दिनको १०:०० बजे गाउँपालिकाको सभाहलमा सञ्चालन हुने गरि गाउँसभा आव्हान गर्ने ।

२. <u>करुवानी हाटबजार सम्बन्धमा</u> ।

यस ओमसतिया गाउँपालिका वडा नं. ३ करुवानी स्थित हाटबजारमा विगतमा वडा कार्यालयबाट राजश्व रकम संकलन हुँदै आइरहेको तथा करुवानी हाटबजार व्यवस्थापन समितिबाट गाउँपालिकाले नै ठेक्का मार्फत व्यवस्थित गर्न मौखिक रुपमा राय सुझाव प्राप्त भएकाले विगतमा वडा कार्यालयबाट उठाउँदै आएको राजश्व रकम र तहाँ स्थित एउटा सटरको रु.१ हजार प्रतिमहिनाका दरले मूल्याङ्कन गरी वार्षिक रु. २ लाख न्यूनतम मूल्य कायम गरि ठेक्का आव्हानका लागि सूचना प्रकाशन गर्ने ।

३. <u>विज्ञापन कर सम्बन्धमा</u> ।

सिद्धार्थ राजमार्ग तथा भैरहवा-परासी सडक खण्डमा विज्ञापन कर संकलन गर्न सकिने प्रचुर सम्भावना रहेकाले सो सडक खण्डको ओमसतिया गाउँपालिका क्षेत्र अन्तर्गत विज्ञापन करका लागि न्यूनतम रु. २ लाख मूल्य कायम राखि ठेक्का आव्हानका लागि सूचना प्रकाशन गर्ने ।

०८०/०३/०३

विपिन क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष